# <u>केदारस्यूँ गाउँपालिकाको हेभी ईक्यूपमेन्ट व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८०</u>

**कार्यपालिकाबाट स्वीकृत मिति २०८०।१०।०५**

केदारस्यूँ गाउँपालिकाको स्वामित्वमा रहेका हेभी ईक्यूपमेन्ट व्यवस्थापन तथा सञ्चालन प्रक्रियालाई नियमित तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी केदारस्यूँ गाउँपालिकाले देहायको कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद - १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>**(१)यसकार्यविधिको नाम " **हेभी ईक्यूपमेन्टव्यवस्थापन तथा सञ्भचालन कार्यविधि,२०८०**" रहेकोछ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित भै स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ।

**२. <u>परिभाषा:</u>**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**-**

(क)"**अन्य संस्था"** भन्नाले नेपाल सरकारको कार्यालय, निजी क्षेत्र, स्थानीय तह, गैर सरकारी संस्था, शिक्षण संस्था वा अन्य यस्तै संस्था सम्झनु पर्छ।

(ख)"**उपभोक्ता समिति"** भन्नाले केदारस्यूँ गाउँपालिका वा अन्तरगतका वडाहरुले गठन गरि योजना कार्यान्वयन तथा उपभोग गर्न गठित स्थानीय उपभोक्ता समिति सम्झनु पर्छ।

(ग)**"कार्यदिन"** भन्नाले आठ घण्टाको कार्य समयावधि सम्झनु पर्छ।

(घ)"**कार्यविधि"** भन्नाले "केदारस्यूँ गाउँपालिकाको हेभी ईक्यूपमेन्ट व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८०" सम्झनु पर्छ।

(ङ) " **गाउँपालिका**" भन्नाले केदारस्यूँ गाउँपालिका सम्झनु पर्छ।

(च)" **गाउँ सभा**"भन्नाले केदारस्यूँ गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ।

(छ) "**चालक**" भन्नालेहेभी सवारी चालक अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ज)"**प्रमुख प्रशासकीय अधिकृत** " केदारस्यूँ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(झ)"**भाडादर**" भन्नाले केदारस्यूँ गाउँपालिकाको हेभी ईक्यूपमेन्ट व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८० मा उल्लेख गरिएको भाडादर सम्झनु पर्छ।

(ञ) **समिति** भन्नाले हेभी ईक्यूपमेन्ट व्यवस्थापन तथा सञ्चालन सम्झनु पर्छ।

(ट) "**हेभी ईक्यूपमेन्ट**" भन्नाले डोजर, रोलर, व्याक होलोडर, एक्साभेटर, टिपर, ट्याक्टर लगायत साधारण तथा हेभी ईक्यूपमेन्ट अन्तरगत पर्ने सम्पूर्ण साधनहरुसम्झनु पर्छ।

**परिच्छेद- २**

**उद्देश्य**

३. **कार्यविधिको उद्देश्य:**(१)यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछन् :-

(क) हेभी ईक्यूपमेन्टहरु सञ्चालनबाट केदारस्यूँ गाउँपालिकाको विभिन्न पूर्वाधार विकास निर्माण तथा अन्य कार्यमा सहयोग पुर्याउने ।

(ख) हेभी ईक्यूपमेन्टहरुको समुचित प्रयोगबाट विकास निर्माणको कार्यमा कार्य गतिशीलता तीब्र पार्ने ।

(ग) हेभी ईक्यूपमेन्टहरुको व्यवस्थापन तथा सञ्चालनमा पारदर्शिता कायम गर्ने ।

(घ) हेभी ईक्यूपमेन्टहरुको मर्मत सम्भारमा मितव्ययिता कायम गर्ने ।

(ङ) हेभी ईक्यूपमेन्टहरुको व्यवस्थापन तथा सञ्चालन गर्दै आर्थिक रुपले आत्मनिर्भरता कायम गर्ने ।

**परिच्छेद-३**

**व्यवस्थापन तथा सञ्चालन प्रक्रिया**

४. **हेभी ईक्यूपमेन्ट व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था:**(१)यस कार्यविधिको उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमको हेभी ईक्यूपमेन्ट व्यवस्थापन तथा सञ्चालन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (ग) पूर्वाधार विकास समिति संयोजक | - | सदस्य |
| (घ) भौतिक पूर्वाधार शाखा प्रमुख वा निजले तोकेको प्राविधिक कमचारी १ जना | - | सदस्य |
| (ङ) जिन्सी शाखा प्रमुख | - | सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ । वैठक संयोजकको आदेश अनुसार सदस्य सचिवले बोलाउनेछ ।

(३) वैठकमा कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको वैठकमा संयोजकले आवश्यकता अनुसार अन्य व्यक्ति वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

५. **हेभी ईक्यूपमेन्ट व्यवस्थापन तथा सञ्चालन समितिको काम,कर्तव्य तथा अधिकार:**(१)यस कार्यविधिको अधिनमा रही हेभी ईक्यूपमेन्ट व्यवस्थापन तथा सञ्चालन समितिको काम,कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

(क)हेभी ईक्यूपमेन्ट व्यवस्थापन तथा सञ्चालनका लागि स्रोत तथा साधनको पहिचान गरि परिचालन गर्ने ।

(ख)हेभी ईक्यूपमेन्टहरु उपयोगका लागि दर्ता भएका निवेदनहरु उपर कारवाही गरि यस कार्यविधिको अधिनमा रही प्राथमिकीकरण निर्धारण गर्ने ।

(ग) प्राप्त निवेदनहरु मध्ये आवश्यकता र प्राथमिकीकरणको आधारमा उपयोगको कार्ययोजना बनाई स्वीकृत गर्ने ।

(घ) आवश्यक उपकरणहरु (स्पेयर पार्टस्) मौज्दातमा राख्ने व्यवस्था मिलाउने ।

(ङ)हेभी ईक्यूपमेन्टहरु चालु अवस्थामा राख्न आवश्यकता अनुसार नियमित मर्मत सम्भार तथा जाँचको व्यवस्था मिलाउने ।

(च)हेभी ईक्यूपमेन्टहरु सञ्चालन वा उपयोग सम्बन्धी कामको अनुगमन तथा सुपरीवेक्षण गर्ने, गराउने र दुरुपयोग भएको देखिएमा कानूनको दायरामा ल्याउने ।

६. **हेभी ईक्यूपमेन्ट व्यवस्थापन तथा सञ्चालन सम्बन्धी नीति तथा प्राथमिकता:**(१)हेभी ईक्यूपमेन्ट व्यवस्थापन तथा सञ्चालनसम्बन्धी नीति देहाय बमोजिम हुनेछ:-

(क)हेभी ईक्यूपमेन्ट उपयोग सामान्यतया केदारस्यूँ गाउँपालिका भित्र निर्माण गरिने सडकहरु, सडकको मर्मत तथा सम्भार साथै गा. पा. भित्र निर्माण हुने कार्यक्रमहरुको लागि पहिलो प्राथमिकतामा राखिने र आवश्यकता अनुसार प्रयोग गरिनेछ तर अन्य संस्थाहरुले माग गरेको खण्डमा दोस्रो प्राथमिकताका आधारमा उपलब्ध गराउन सकिनेछ ।

(ख) सामान्यतया वडाको सिफारिशमा उपभोक्ता समिति, अन्य संस्था वा व्यक्तिलाई भाडामा उपलब्ध गराईनेछ । यदि अर्कै स्थानीय तहमा माग भइ आएमा सम्बन्धीत स्थानीय सिफारिसमा भाडामा उपलब्ध गराईनेछ।

(२) हेभी ईक्यूपमेन्टहरु सञ्चालन तथा उपयोग गर्दा देहायको योजनाहरुलाई पहिलो प्राथमिकतामा राखिनेछः

(क) केदारस्यूँ गाउँपालिकाको श्रोत र साधनबाट सञ्चालन गरिने योजनाहरु।

(ख) अन्य निकायको श्रोत र साधनमा सञ्चालन गरिने योजनाहरु ।

## परिच्छेद-४

## कर्मचारी सम्बन्धी व्यवस्था

७. **कर्मचारी सम्बन्धी व्यवस्था:**(१)हेभी ईक्यूपमेन्ट सञ्चालनका लागि एक जना हेभी सवारी चालक (प्रमथ तह वा सो सरह) करार सेवामा भर्ना गरिनेछ । यस पदमा स्थानी नियुक्ति गरिनेछैन ।

(२) हेभी ईक्यूपमेन्टहरु सञ्चालन तथा व्यवस्थापन गर्ने एक जना सह चालक समेत करार सेवामा भर्ना गरिनेछ। उक्त पदामा काम गर्ने कर्मचारीको सेवा सुविधा कार्यपालिकाले तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१)र(२) बमोजिमका कर्मचारीहरुको नियुक्तिको लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार र मापदण्ड तयार गर्ने सवै कामहरु गाउँ कार्यपालिकाको कार्यालयले प्रचलित कानूनको अधिनमा रहि गर्नु पर्नेछ।

८. **कर्मचारीको पारिश्रमित तथा सेवाका शर्तहरु:**(१)हेभी ईक्यूपमेन्ट चालकले हेभी सवारी चालक प्रथम तहको कर्मचारीले पाए सरहको तलब पाउनेछ ।

(२)हेभी ईक्यूपमेन्ट चालकले उपदफा(१) बमोजिम पाउने तलब बाहेक हेभी ईक्यूपमेन्ट सञ्चालन भएको अवधिमा कार्य दिन ८ घण्टा बाहेक प्रतिघण्टा रु एक सय पचास का दरले थब सेवा सुविधा पाउनेछ ।

(३)हेभी ईक्यूपमेन्टचालक र सह चालकको तलब भत्ता तथा अन्य सेवा सुविधा हेभी ईक्यूपमेन्ट संचालन कोष/ गाउँपालिका बाट व्यहोर्नेछ।

(४) चालक र सह चालकको रु दुई लाख सम्मको दुर्घटना विमा गरिनेछ। विमाको प्रिमियम बाफतको रकम कोषबाट व्यहोरिनेछ।

९. **हेभी ईक्यूपमेन्ट माग तथा संचालन गर्ने सम्बन्धी कार्य प्रक्रिया:**(१) हेभी ईक्यूपमेन्टहरु प्रयोगका लागि माग गर्ने उपभोक्ता समिति, निकाय, सस्था र व्यक्तिले देहायको विवरण संलग्न गरि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छः

(क) हेभी ईक्यूपमेन्ट माग गर्ने सम्बन्धी उपभोक्ता समिति वा निकाय वा संस्था को निर्णयको प्रतिलिपि।

(ख) योजनाको सम्झौता पत्र तथा लागत अनुमानको प्रतिलिपी।

(ग) निर्माण कार्य हुने सम्बन्धीत वडा कार्यालयको सिफारिस।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन समितिबाट स्वीकृत भए पछि सो को जानकारी सम्बन्धीत निवेदकलाई दिइनेछ। यसरि जानकारी प्राप्त गरेपछि निवेदकले सम्झौता गर्न आउनुपर्नेछ।

(३) गाउँपालिकाबाट रकम व्यहोर्ने गरि सम्पादन हुने योजना वा तिनै तहका सरकारी निकायबाट व्यहोरिने गरि सम्पादन हुने योजनाका लागि गठित उपभोक्ता समितिले हेभी ईक्युमेन्ट भाडामा लिदा धरौटी राख्नुपर्ने छैन तर अन्य उपभोक्ता समिति वा व्यक्ति वा संस्थाले भाडामा लैजान चाहेमा सम्झौता बराबरको रकम धरौटी खाता वा यस कार्यालयको नाममा जारी गरिएको बैक जमानत पेश गर्नु पर्नेछ।

तर, बजेट व्यवस्था नभएको सडक मर्मत सभ्भार गर्नुपरेमा वा प्राकृतिक विपद व्यवस्थान गर्नुपरेमा इन्धन सहितको आबश्कय व्यवस्था गाउँपालिकाले गर्नेछ।

(४) हेभि ईक्यूमेन्ट संचालन अवधिमा लाग्ने खर्च (योजना स्थलमा ल्याउने र लैजान समेत) सम्बन्धित उपभोक्ताले नै व्यवस्थापन गर्नु पर्नेछ।

(५) उपभोक्ताले हेभि ईक्युपमेन्ट भाडामा लिएको अवस्थामा संचालन हुन नसकि न्यतिकै बसेमा अनुसूची ४ बमोजिमको दरले निष्कृय भाडा लाग्नेछ।

(६) हेभि ईक्यूपमेन्टहरु संचालन भएको तोकिएको अवधिमा कार्यालय स्वयंले ईक्यूपमेन्टहरु सर्भिसिङ्ग गर्नेछ। सम्झौता बढी अवधि सम्म कामगरेका सो को जिम्वारी चालक र सह चालक दुवैको हुनेछ। सम्झौता विपरित चलाएको पाएमा चालकबाट असुल उपर गरि कार्यवाही समेत गर्ने सकिनेछ।

१०. **कोषको व्यवस्था:** (१) हेभी ईक्यूपमेन्टहरु सञ्चालनको लागि एउटा छुट्टै कोष खडा गरिनेछ। उक्त कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ।

(क) केदारस्यूँ गाउँपालिकाबाट विनियोजित रकम।

(ख) सेवाग्राहीबाट प्राप्त हुने रकम।

(ग) विभिन्न अन्य निकायबाट प्राप्त हुने रकम।

(२)हेभी ईक्यूपमेन्ट सञ्चालन कोष गाउँ कार्यपालिकाको नजिकमा रहेको बैंकमा खाता खोली सञ्चालनमा ल्याईनेछ।

(३)हेभी ईक्यूपमेन्ट सञ्चालन कोष प्रमुख प्रशासकीय अधिकृत र लेखाको काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ।

(४)हेभी ईक्यूपमेन्ट सञ्चालन कोषको आय र व्ययको हिसाब र किताब लेखाको काम गर्ने कर्मचारीले प्रत्येक६/६ महिनामा सञ्चालन तथा व्यवस्थापन समितिमा पेश गर्नुपर्ने छ।

११. **लगबुक राख्नुपर्ने:**(१)हेभी ईक्यूपमेन्टहरु सञ्चालन गर्दा अनुसूची ३ बमोजिमको ढाँचामा लगबुक राख्नुपर्ने छ । लगबुक राख्नु चालकको कर्तव्य हुनेछ। उक्त लगबुकमा ईक्यूपमेन्ट प्रयोग गर्ने उपभोक्ताले समेत हस्ताक्षर गर्नुपर्ने छ।

१२. **कार्य दिनको म्याद थप गर्न सक्ने:**(१) हेभी ईक्यूपमेन्टहरु भाडामा लिएका उपभोक्तालाई ईक्यूपमेन्ट आफूले मागेको कार्य दिन भन्दा थप कार्य दिन आवश्यक भएमा सोको कारण र औचित्य सहित म्याद सकिनु भन्दा कम्तीमा तीन दिन अगावै निवेदन दिनुपर्ने छ।

(२) म्याद थपको लागि प्राप्त निवेदनमा समितिले छलफल गरि माग उचित देखेमा आवश्यकता अनुसार म्याद थप गर्न सक्नेछ।

१३. **ईक्यूपमेन्ट मर्मत सम्बन्धी व्यवस्था:**(१)हेभि इक्यूपमेन्टहरु विग्रिएर मर्मत गर्नुपर्ने भएमा कुन कुन कुराको मर्मत सम्भार गर्नुपर्ने हो वा फेर बदल गर्नुपर्ने हो सो को विवरण सम्बन्धित अपरेटरले समिति समक्ष निवेदन दिनपर्नेछ । अपरेटरबाट निवेदन प्राप्त भएपछी सदस्य सचिवले सम्बन्धित अनुभवी विशेषज्ञ प्राविधिकबाट मर्मत संभारको लागत अनुमान तयार गर्न लगाई प्रमूख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ र प्रमुख प्रशासकीय अधिकृतले मर्मत तथा सम्भारको व्यवस्था मिलाउनु पर्नेछ।

१४. **अन्य संस्था वा व्यक्तालाई हेभि एक्युपमेन्टहरु भाडामा दिने सम्बन्धी व्यवस्था:** (१)अन्य संस्थाले आफ्नो कामको शिलशिलामा हेभि इक्यूपमेन्टहरु भाडामा लिन चाहेमा अनुसूची १ बमोजिमको ढाँचामा देहायको विवरणसंलग्न गरि निवेदन पेश गर्नु पर्नेछ।

(क) प्रचलित कानून बमोजिम दर्ताबाला संस्था, कम्पनी वा फर्म भए सो को प्रमाण पत्र।

(ख) हेभि इक्युपमेन्टहरु प्रयोग हुने योजना वा कार्यको स्पष्ट विवरण।

(ग) सरकारी योजना भए आयोजना वा ठेक्का स्वीकृत भएको पत्र तथा स्टिमेट र कार्यादेश

(घ) व्यक्तिगत प्रयोजनको लागि भए नगगरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित उद्देश्य खुलेको निवेदन।

(२) हेभि ईक्यूपमेन्टहरु माग तथा संचालन संग सम्बन्धी अन्य कुरा यस कार्यविधिको ७,८ र ९ बमोजिम हुनेछ।

(३) हेभि इक्युपमेन्टहरु रहेको स्थानबाट प्रस्थान गरेको मितिबाटै भाडा गणना हुनेछ।

१५. **हेभि इक्युपमेन्टहरु संचालनको सुपरिवेक्षण तथा अनुगमन:** (१) हेभि इक्युपमेन्टहरु प्रयोग भइरहेको कार्यको सुपरिवेक्षण तथा अनुगमन समितिको सयोजन वा निजले तोकेको सदस्य वा सदस्य सचिवले गर्नेछ।

(२)हेभि इक्युपमेन्टहरु सञ्चालनमा संलग्न कर्मचारीको रेखदेख र नियन्त्रण समितिले गर्नेछ।

१६. **रकम खर्च गर्न सकिने:** हेभि इक्युपमेन्टहरु संचालनबाट प्राप्त आम्दानी रकम यस कार्यविधि बमोजिम हेभि इक्युपमेन्ट संचालन, व्यवस्थापन, मर्मत सम्भार र हेभि इक्युपमेन्ट संचालन अपरेटर तथा हेल्परको तलब भत्ताका साथै विकास निर्माणका लागि खर्च गर्न सकिनेछ।

१७. **सम्पर्क शाखा:** प्राविधिक तथा योजना शाखाले हेभि इक्युपमेन्टहरु संचालन तथा व्यवस्थापन सम्पर्क शाखाको रुपमा कार्य गर्नेछ।

१८. **अधिकार प्रत्यायोजन:** यस कार्यविधि बमोजिम समितिलाई भएको केही अधिकार समितिले शर्त तोकी वा नतोकी समितिका सदस्य वा सदस्य सचिवलाई प्रत्यायोन गर्न सक्नेछ।

१९. **कार्यविधि संशोधन:** समितिको सिफारिसमा यस कार्यविधिलाई गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

२०. **बीमा सम्बन्धी व्यवस्थाः** हेभि इक्युपमेन्टहरु बीमा, तेश्रो पक्ष बीमा र हेभि इक्युपमेन्टहरु संलग्न अपरेटर र हेल्परको दुर्घटना बीमा गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ।

२१. **अन्य व्यवस्थाः** माथिका बुदाहरु जे लेखिएता पनि हेभि इक्युपमेन्टहरुभाडामा लगाउदा लिईने राजस्व, सञ्चालन तरिका वा भाडामा लगाउने व्यवस्था सम्बन्धी कुनै कुरा यस कार्यविधिबाट स्पष्ट नभएमा प्रचलित कानून तथा अख्तियार प्राप्त सरकारी निकायहरुले अपनाइएका विधि तथा नियम अनुरुप पनि गर्न सकिनेछ । दररेट विवरण अनुसूची ४ बमोजिम हुनेछ।

**अनुसूची १**

**(दफा ७ को उपदफा (१) संग सम्बन्धित)**

**हेभि इक्युपमेन्टहरु प्रयोग गर्ने सम्बन्धी निवेदनको ढाँचा**

श्री मान सदस्य सचिव ज्यू,

हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन समिति,

केदारस्यूँ गाउँपालिकाको कार्यालय देउरा बझाङ ।

विषयः हेभि इक्युपमेन्ट भाडामा उपलब्ध गराईदिने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा निवदेन यस प्रकार छ कि देहायको प्रयोजन, कामको लागि त्यस कार्यालयको हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम भाडामा उपलब्ध गराई दिनहुन अनुरोध छ ।

१ उपभोक्ता समिति, संस्था/ व्यक्तिकोनामः

२ उपयोग आयोजनाको नामः

३ योजनाको कुल लागतः

३.१ लागत व्यहोर्ने श्रोत तथा रकम

३.१.१

३.१.२

३.१.३

जम्माः

४ आयोजना काम सम्पादन हुने स्थानः

४.१ गाउँपालिकाको नामः

४.२ वडा नं.:

४.३ स्थानः

निवेदक

दस्तखतः

नाम, थरः

पदः

छापः

मितिः

संलग्न कागजातः

क) उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपी।

ख) योजनाको सम्झौता पत्र लागत अनुमान वा कार्यदेशको प्रतिलिपी ।

ग) काम हुने सम्बन्धित स्थानीय तह, वडा कार्यालयको सिफारिस ।

## अनुसूची-२
## (दफा ७ को उपदफा (४) संग सम्बन्धित)
## हेभि इक्युपमेन्ट संचालन सम्झौता पत्र

केदारस्यूँ गाउँपालिकाको कार्यालय( यस पछी पहिलो पक्ष भनिएको) र योजना,ल काम सम्पादन गर्ने उपभोक्ता समूह, व्यक्ति, संस्था( यस पछी दोश्रो पक्ष भनिएको ) का बिच यस कार्यालयको……………………( हेभि इक्युपमेन्ट नाम)……………… देहायको शर्त तथा बन्देजको अधिनमा रहि भाडामा संचालन गर्न/ गराउन यो सम्झौता गरिएको छ।

१ आयोजनाको विवरण

१.१ आयोजनाको नामः

१.२ आयोजनाको स्थलः

१.२.१ गाउँपालिकाको नामः

१.२.२ वडा नं.:

१.२.३ स्थानः

२.३ आयोजनाको कुल लागतः

लागत व्यहोर्ने श्रोत तथा रकमः

२.३.१

२.३.२

२.३.३

२.३.४

जम्माः

३ हेभि इक्युपमेन्ट संचालन समितिबाट स्वीकृत भएको मितिः

४. हेभि इक्युपमेन्ट संचालन गर्ने विवरणः

४.१ हेभि इक्युपमेन्ट संचालन गर्ने कार्य दिनः

४.२ हेभि इक्युपमेन्ट संचालन गर्ने कार्यव अवधिः

मिति ……………………………… देखि ………………… समय

५. हेभि इक्युपमेन्ट संचालनका लागि प्राप्त धरौटी रकम रु.

………………………………… मिति………………………

६ सम्झौता पत्रका शर्तहरुः

६.१ दोश्रो पक्षले यस सम्झौता पत्रमा तोकिएको आयोजनामा मात्र तोकिएको कार्य दिनको लागि हेभि इक्युपमेन्ट उपयोग गर्नुपर्ने।

६.२ हेभि इक्युपमेन्ट र यसमा संलग्न अपरेटर र हेल्परको सुरक्षा र खाना बस्नको प्रवन्ध दोश्रो पक्षले गर्नुपर्नेछ।

६.३ हेभि इक्युपमेन्ट संचालनको लागि आवश्यक ईन्धनको व्यवस्था सम्बन्धित दोश्रो पक्षले गर्नुपर्नेछ।

६.४ गाउँपालिकाको कार्यालय वा हेभि इक्युपमेन्ट रहेको स्थानबाट योजना स्थलसम्म ढुवानी गरि लग्नु परेमा सो बाफत लाग्ने ढुवानी खर्च दोश्रो पक्षले व्यहोर्नु पर्नेछ।

६.५ हेभि इक्युपमेन्ट अपरेटरले संचालन गर्दा भरेको लगबुकमा दोश्रो पक्ष समेतले प्रमाणित गर्नुपर्नेछ।

६.६ हेभि इक्युपमेन्ट संचालन वा उपयोग सम्बन्धि कार्यको अनुगमन तथा सुपरिबेक्षण समिति वा सदस्य सचिवले गराउन सक्नेछ।

६.७ हेभि इक्युपमेन्ट संचालन दुरुपयोग भउमा वा कुनै विवाद सिर्जना भई संचालन गर्न सक्ने स्थिति नभएमा हेभि इक्युपमेन्ट संचालनमा संलग्न कर्मचारीको सुरक्षा बारे कुनै समस्या देखिएमा व्याक हो लोडेर संचालन तथा व्यवस्थापन समिति वा सदस्य सचिवले तत्काल हेभि इक्युपमेन्ट फिर्ता बोलाउन सक्नेछ। यस्तो अवस्थामा सम्बन्धित उपभोक्ता समिति वा संस्थाले समेत हेभि इक्युपमेन्ट फिर्ता गराउनु पर्नेछ।

६.८ पहिलो र दोश्रो पक्षविच भएमा पहिलो जुनसुकै बेला हेभि इक्युपमेन्ट फिर्ता बोलाउन सक्नेछ।

६.९ यान्त्रिक कारण वा भवितव्य परि काबु बाहिरको परिस्थितिमा हेभि मेशिनरी नचेलेमा अपरेटर तथा सम्बन्धित उपभोक्ता समिति वा संसथा वा फर्मले प्रमाणित गरि तत्कालै कार्यालयमा जानकारी गराई प्रमाणित गरि राख्नुपर्नेछ।

६.१० अन्य कुराको हकमा हेभि इक्युपमेन्ट संचालन तथा व्यवस्थापन कार्याविधि २०८० बमोजिम हुनेछ।

६.११ दोश्रो पक्षले व्याक हो लोडर भाडामा लगेको समयमा उनीहरु विचको आपसी विवाद, स्थानियको अवरोधका कारण हेभि इक्युपमेन्ट संचालन हुन नसकि त्यसै बसेमा २४ घण्टा विवाद व्यवस्थापनको समयावधि समाप्त भएपछी दोश्रो पक्षले प्रति घण्टा रु अनुसूचि- ४ बमोजिम जरिवाना तिर्नु पर्नेछ।

६.१२ हेभि इक्युपमेन्ट प्रयोग गरे बाफत दोश्रो पक्षले पहिलो पक्षलाई प्रतिघण्टा रु बार्षिक रुपमा गाउँपालिका वा जिल्लाले तोकेको दर रेट अनुसारका दरले भाडा उपलब्ध गराउनु पर्नेछ। तर इन्धनको व्यवस्था दोश्रो पक्षले स्यम गर्नुपर्नेछ। अन्य हकमा नेपाल सरकारद्वारा जारी दररेट बमोजिम हुने।

६.१३ कामको प्रकृति र आवश्कयता हेरी कुनै आकस्मिक काम, प्राकृतिक प्रकोप तथा विपदको अवस्था परि पहिलो पक्षले हेभि इक्युपमेन्ट फिर्ता गरेमा दोश्रो पक्षले तत्काल फिर्ता पठाउनु पर्नेछ।

उपरोक्त बमोजिम गर्न हामी निम्न पक्षहरु मंजुर गर्नछौँ।

| उपभोक्ता समित वा संस्था वा व्यक्तिको तर्फबाट | कार्यालयको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | दस्तखतः |
| सम्पर्क नं. | पदः |
| छापः | सम्पर्क नं.: |

साक्षीः

**अनुसूची-३**

**( कार्यविधिको दफा ८ संग सम्बन्धित )**

केदारस्युँ गाउँपालिका

देउरा, बझाङ

**<u>हेभि इक्युपमेन्ट प्रयोग सम्बन्धी लगबुक</u>**

योजनको नामः

उपभोक्ता समिति वा संस्थाको नामः

आयोजना स्थल ( गाउँपालिका वडा समेत):

सम्झौता अवधिः मिति ……………………. देखि मिति ……………………… सम्म

| क्र स | प्रयोग भएको मिति | समय | | इन्धन तथा अन्य लुब्रिकेन्टस खपत विवरण | | | सम्झौता अवधिमा प्रयोग हुन नसकेको भए हुन नसक्नुको कारण | | | अप्रेटरको दस्तखत | उ.भो.स. वा पदाधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | डिजल | मोविल | | | | | | |
| | | | | | | | | | | | | |

अनुसूची -४
( कार्यविधिको दफा ८ सँग सम्बन्धित)
केदारस्यूँ गाउँपालिका
देउरा, बझाङ

**<u>हेभि इक्युपमेन्ट प्रयोग सम्बन्धी दररेट</u>**

| सि.नं. | इक्युपमेन्टको नाम | इन्धन सहित प्रति दर | इन्धन बाहेक प्रति दर |
|---|---|---|---|
| १ | स्काईभेटर | रु ६५००।०० | रु ३३७२।६८ |
| २ | स्काभेटर ब्रेकर | रु ६८००।०० | रु ३६७२।६८ |
| ३ | व्याक हो लोडर | रु ३५००।०० | रु १८००।०० |
| | | | |

सेवाग्राहीले हेभि इक्युपमेन्ट बन्दोबस्ती गरि विचमा काम रोकिने अवस्था आएमा नचेलेको दिनको प्रतिदिन आइडल खर्च बाफत रु १८००।०० (अक्षरुपी रु एक हजार आठ सय मात्र) गाउँपालिकामा बुझाउनु पर्नेछ ।